# कार्यपालिका बैठक- ४६

## निर्णयहरु

निर्णय नं १

जैमिनी नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम छलफल पश्चात सर्वसम्मत रुपमा स्वीकृत गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २

जैमिनी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तावित गरिएको बजेट मन्तब्य, आय ब्यय अनुमान सहितको बजेट तथा कार्यक्रम र करका दरहरु सहितको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०८२ सर्वसम्मत रुपमा स्वीकृत गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ३

जैमिनी नगरपालिकाको विनियोजन विधेयक, २०८२ सर्वसम्मत रुपमा स्वीकृत गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ४

नगरपालिकाभित्रको यातायातलाइ सरल, सहज ,सर्वसुलभ एवम् थप ब्यवस्थित बनाउन जैमिनी नगरपालिकाको टेम्पो, अटो तथा इ रिक्सा सन्चालन तथा ब्यवस्थापन कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ५

जैमिनी नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि निर्माण ब्यवसायीबाट ६ महिना म्याद थपका लागि निवेदन अनुरोध भइ आएको सम्बन्धमा थप छलफलका लागि अर्को बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं ६

जैमिनी नगरपालिकाको कार्यक्रम, कार्यवोझ, कार्य प्रकृति, वित्तिय अवस्था र जनशक्ति आदि विभिन्न आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी उपयुक्त संगठन संरचना निर्माण गर्ने सम्बन्धमा

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

संगठन तथा ब्यवस्थापन सर्वेक्षण निर्देशिका, २०६६ तथा कर्मचारी समायोजन ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, गण्डकी प्रदेश सरकाद्धारा प्रकाशित स्थानीय सेवाको गठन सञ्चालन र सेवाका शर्त सम्बन्धमा ब्यबस्था गर्न बनेको ऐन, २०७९ को परिच्छेद-३, स्थानीय सेवाको गठन सञ्चालन र सञ्चालन नियमावली, २०८० को परिच्छेद-३, नियम १५, १७ लगायत प्रचलित कानूनको आधारमा रही जैमिनी नगरपालिकाको संगठन तथा ब्यवस्थापन सर्वेक्षणगर्न यस नगरपालिकाबाट चालु आ.व.२०८१/८२ को बार्षिक स्वीकृत कार्यक्रम बमोजिम परामर्शदाता संस्थाबाट प्रक्रिया अगाडी बढाइएकोमा परामर्शदाता संस्थाबाट तयार गरिएको संगठन तथा ब्यवस्थापन (O&M) सर्वेक्षण अध्ययन-प्रतिवेदन छलफल गरियो। छलफलबाट प्राप्त भएका सुझावहरु संगठन तथा ब्यवस्थापन (O&M) सर्वेक्षण अध्ययन-प्रतिवेदनमा अद्यावधिक गरी नगरसभाबाट अनुमोदन हुनेगरी स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ७

जैमिनी नगरपालिकाको सत्रौं नगर सभामा नगरकार्यपालिका र कार्यालयको तर्फबाट भए गरेका नीतिगत काम कारबाही सम्बन्धी तपशिल अनुसारका प्रस्तावहरु स्वीकृतीको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

१. जैमिनी नगरपालिकाले विगतमा लिएका नीतिहरुमध्ये कार्यान्वयन भएका, कार्यान्वयन हुन बाँकी रहेका र अन्य निकाय सँगको सहकार्यमा गर्नुपर्ने देखिएका नीतिगत विषयलाई नगर कार्यपालिकाले संविधान तथा प्रचलित कानूनको अधिनमा रहि नीतिगत निर्णय गरि निरन्तरता दिन वा परिमार्जन गर्न सक्ने गरि अधिकार प्रत्यायोजन गरियोस् भन्ने प्रस्ताव गर्ने ।

२. नगरपालिकाको आफ्नै श्रोतबाट सम्पन्न हुन नसक्ने वा रकम अभावका कारणबाट सम्पन्न हुन नसकेका नगर क्षेत्रमा माग भएका आयोजनाहरुको सूचि बनाई नगर सभाको रातो किताबमा समावेश गरि आवश्यकता अनुसार अन्य निकाय सँग माग गर्न वा सिफारिस गर्न कार्यपालिकाको परामर्शमा नगर कार्यपालिका कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव गर्ने ।

३. नगर कार्यपालिका, नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट आवश्यकता र औचित्य पुष्टी हुने गरी समय समयमा गरेका निर्णय तथा आदेशहरु अनुमोदनका लागि पेश गर्ने ।

४. गत विगत आ.व.हरुको अन्तिम लेखा परीक्षण हुँदा महालेखा परीक्षकको कार्यालयबाट प्रास प्रतिबेदनमा औंल्याइएका वेरुजु र लेखा समितिबाट प्रास सुझाबको आधारमा बेरुजुको लगत अद्यावधिक गरी वेरुजुमा थप प्रमाण जुटाउनु पर्ने भएमा जुटाउने, वेरुजु असुल उपर गर्ने, फर्छ्यौटका लागि आवश्यक उपायहरु अपनाउन कार्यालयलाई निर्देशन दिने । साथै लेखा

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा बागलुङ

०८२/३/१ श्रीकृष्ण पौडेल

समितिबाट प्राप्त सुझाव बमोजिम वेरुजु सम्परीक्षण तथा फछ्र्योटका लागि प्रतिक्रिया सहितको लेखा समितिको प्रतिवेदन बमोजिमको प्रस्ताव पेश गर्ने ।

५. नगरपालिकामा विभिन्न पदमा कार्यरत करार सेवाका कर्मचारीहरुलाइ स्वीकृत दरबन्दी, कार्यक्रम साझेदारी, कार्यबोझ, आवश्यकता र औचित्यताको आधारमा आगामी पौष मसान्तसम्म म्याद थप गर्ने।

६. जैमिनी नगरपालिकाको १६ औ नगर सभा पछिका कार्यपालिका बैठकबाट स्वीकृत वा संसोधनभएका नियमावली, कार्यविधि र मापदण्ड सहित कार्यालयले लिएका सम्पूर्ण निर्णयहरुको अनुमोदनका लागि पेश गर्ने।

निर्णय नं ८

आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रम र आवधिक योजना बीचको सामञ्जस्यता कायम गर्न प्रस्ताव भइ आएको जैमिनी नगरपालिकाको मध्यकालीन खर्च संरचना २०८२/८३-२०८४/८५ लाई स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ९

आगामी आर्थिक वर्षको २०८२/०८३ का लागि नगरपालिका भित्र कार्यक्रम सञ्चालन, विकास तथा भौतिक पूर्वाधार निर्माण लगायतका कार्यहरुका लागि नगरपालिकाको दररेट निर्माण सम्बन्धमा जिल्ला दररेट बाग्लुङको दररेट नै लागू गर्ने निर्णय गरियो।

निर्णय नं १०

जैमिनी नगरपालिकाको चालु आ.ब. २०८१/८२ मा हाल सम्म सम्पन्न भएका योजनाहरुको फरफराक गरी भुक्तानी दिएको कार्यलाइ अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं ११

जैमिनि नगरपालिकाको न्यायिक समिति, विषयगत समिति आर्थिक विकास समिति, सामाजिक विकास समिति, सुशासन तथा संस्थागत विकास समिति, पूर्वाधार विकास समिति, बन वातावरण तथा विपद ब्यवपस्थापन समिति संयोजकले पेश गरेको प्रतिवेदन माथी समिक्षात्मक छलफल गरियो ।

निर्णय नं १२

जैमिनी नगरपालिकाको १७ औं नगर सभा भब्य र सभ्य रुपमा सञ्चालन गर्न सबैले रचनात्मक सल्लाह, सुझाव सहित आ-आफ्नो भूमिका निर्वाह गर्ने निर्णय गरियो ।

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा बागलुङ २०७३

२०८२/३/६

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत